// स्थानीय राजपत्र

यशोधरा गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ६)          संख्याः ६    मिति : बैशाख ०३ गते २०८०

भाग : २

यशोधरा गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम यशोधरा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**स्मार्ट विद्यालय छनौट, संचलान, व्यवथापन तथा नियमन कार्यविधि -२०७९**

**प्रस्तावना :** आज हामी २१ औं शताब्दीमा छौं जसलाई सुचना प्रविधिक (Information Technology ) को युग भन्ने गरिन्छ  तर अहिले पनि हामी परम्परागत अनुत्पादन औपचारिक शिक्षामै बढी जोड दिई रहेका छौं जसले गर्दा नेपालमा व्याप्त बेरोजगारी दिन प्रतिदिन बढी रहेको अवस्था छ र त्सको परिणाम प्रति वर्ष नेपाल बाट लगभग ७ लाख युवाहरु विदेशतिर बाहिरिएका छन् । अर्कोतिर हाम्रै समाजमा सामुदायिक (सरकारी ) विद्यालय प्रति अभिभावकको चासो  घट्दै जाँदा  सामुदायिक विद्यालय प्रतिको आकर्षणमा ह्रासहुँदै गईरहेको छ । त्यसकारण यशोधरा गाँउपालिकाले समुदायिक विद्यालय प्रतिको आकर्षण बढाउनका निम्ति विद्यालयमा शैक्षिक वातावरण सृजना गरि गुणस्तरिय शिक्षा तथा जवाफदेही  व्यवस्थापन सुनिच्श्रित गर्दै हाम्रो  सामाजिक बनावटलाई मध्यनजर राखी बालबालिकाहरुलाई स्वच्छ, सहज, भयरहित तथा मर्यादित  वातावरणमा शिक्षा हसिल गर्न पाउन भन्ने  उद्देश्यले बालबालिकाहरुको कक्षा पृथकिकरण गरी  संचालन गर्नेछ ।  साथै आधारभुत शिक्षा पच्श्रात विद्यार्थीले  अभिभावक वा अन्य कसैको दाबाबमा होइन आफ्नो क्षमता र इच्छानुसार व्यवहारिक , व्यवसायिक तथा सीपमुलक  शिक्षा प्राप्त गर्न पाउन भन्ने उद्देश्यको साथ पालिका भित्र

कम्तिमा एउटा "स्मार्ट विद्यालय" संचालन गर्नको लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम यो कार्यविधि स्वीकृत गरि लागु गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

### १- संक्षिप्त नाम र प्रारम्भः

क) कार्यविधिको नामः यशोधरा गाउँपालिका स्मार्ट विद्यालय छनौट, संचलान, व्यवथापन तथा नियमन कार्यविधि -२०७९

ख) यो कार्यविधि बमोजीम छनौट भएका स्मार्ट विद्यालयको हकमा मात्र यो कार्यविधि लागु हुनेछ ।

ग) यो कार्यविधि यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको बैठकबाट पारित भएछि प्रारम्भ हुनेछ ।

### २- परिभाषाः

क) "स्मार्ट विद्यालय" भन्नाले यो कार्यविधि बमोजिम छनौट भएका विद्यालयहरुलाई सम्झनु पर्छ ।

ख) "गाउँ कार्यपालिका" भन्नाले यशोधरा गाउँकार्यपालिका सम्झनु पर्छ ।

ग) "कार्यपालिका" भन्नाले यशोधरा गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

घ) "शिक्षा , युवा तथा खेलकुद शाखा" भन्नाले यशोधरा गाउँकार्यपालिकाको कार्यालयमा रहेको शिक्षा , युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

ङ) "शिक्षा ऐन" भन्नाले शिक्षा ऐन २०२८ लाई सम्झनु पर्छ ।

च) "शिक्षा नियमावली" भन्नाले शिक्षा नियमावली -२०५९ लाई सम्झनु पर्छ ।

छ) "गाउँ पालिका ऐन" भन्नाले यशोधरा गाउँपालिकाबाट जारी भएको गाउँ शिक्षा ऐन -२०७५ लाई सम्झनु पर्छ ।

ज) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

झ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले विद्यालय संचालन तथा व्यवस्थापन कार्यको लागि गठित समितिलाई सम्झनु पर्छ ।

ञ) "सदस्य सचिव" भन्नाले विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्छ ।

ट) "संयोजक" (Coordinator) भन्नाले पृथक समुह (cluster) का कक्षा संचालन एंव व्यवस्थापन गर्न जिम्मेवारी प्राप्त व्यक्तिलाई सम्झनु पर्छ ।

ठ) "शिक्षक" भन्नाले प्रचलित ऐन नियमानुसार नियुक्ति लिई कामकाज गरिरहेको व्यक्ति तथा तोकिए अनुसार गाउँपालिका वा विद्यालयबाट छनौट / नियुक्ति भई विद्यालय मा शिक्षण सिकाई क्रियाकलापमा संलग्न व्यक्तिलाई सम्झनु पर्छ ।

ड) "प्रशासकीय अधिकृत" भन्नाले गाउँकार्यपालिकाको प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ढ) "शिक्षा अधिकृत" भन्नाले गाउँकार्यपालिकामा शिक्षा हेर्ने शाखा प्रमुखलाई सम्झनु पर्छ ।

ण) "प्राविधिक शिक्षा" भन्नाले आधारभुत शिक्षा पश्चात कुनै विषयमा कम्तिमा ३ (तीन ) महिनाको तालिम प्रदान गरेको तालिमलाई सम्झनु पर्छ ।

त) "कार्य सम्पादन करार" भन्नाले स्मार्ट विद्यालयका लागि छनौट भएका विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका बीच भएको विद्यालय शिक्षा गुणस्तर र व्यवस्थापन सम्बन्धि सम्झौता तथा प्रधानाध्यापक र संयोजक तथा शिक्षक, संयोजक र अभिभावक बीचको सम्झौतालाई सम्झनु पर्छ ।

## ३- उद्देश्यः

यो कार्यविधि जारी गर्नुका उद्देश्यहरु देहाय बमोजिम रहेको छन् ।

क) बालबालिकाहरुलाई स्वच्छ, सहज, भयरहित तथा मर्यादित वातावरण तयार गरि पृथककरण कक्षा संचालन गर्ने ।

ख) व्यवहारिक, व्यवसायिक तथा सीपमुलक शिक्षा प्रदान गर्ने ।

ग) नेपाली र अंग्रेजी दुवै माध्यमबाट विद्यालय संचालन गर्ने ।

घ) गुणस्तरीय तथा समतामुलक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तय गर्न ।

ङ) विद्यालयमा आधुनिक, सुचना प्रविधिको विकास गरि प्रविधिमैत्री शिक्षण (स्मार्ट बोर्ड, स्मार्ट डिजिटल उपकरण, मल्टिमिडिया, प्रोजेक्टर आदिको माध्यमवाट ) सिकाई संचालन गर्ने ।

## परिच्छेद -२
## स्मार्ट विद्यालय छनौटका आधार तथा प्रक्रिया

### ४.१ ) विद्यालय छनौटका आधार देहाय बमोजिम हुनेछन् ।

क) यशोधरा गाउँपालिकामा संचलित विद्यालयहरु मध्येबाट स्मार्ट विद्यालयको लागि विद्यालय छनौट गरिनेछ । तर कुनै कारणवश संचालित विद्यालय मध्ये यसका लागि उपर्युक्त विद्यालय नदेखिएको खण्डमा नँया विद्यालय स्वीकृत गरि विद्यालय संचालन गरिनेछ ।

ख) विद्यालयको भौतिक र शैक्षिक पूर्वाधार निर्माणका लाई विद्यालयको आफ्नो स्वामित्वमा रहेको वा गाउँपालिकाको निर्णय अनुसार सार्वजनिक वा अन्य सरकारी जग्गा अथवा कुनै व्यक्तिले दान गरेको व्यक्तिगत जग्गालाई) विद्यालय संचालनका लागि प्रयोग गर्न सक्नेछ ।

ग) विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्नका लागि कम्तिमा दुई बिघा जग्गा हुनु पर्नेछ ।

घ) विद्यालयको कम्तिमा ३०० (तीन सय) मिटर परिधि भित्र मादक पदार्थ, धुम्रपान, मनोरञ्जन, कुनै किसिमको पशुफार्म आदि जस्ता विद्यालय वातावरणलाई प्रभावित पार्ने खालका गतिविधिहरु संचालन गर्नु हुँदैन ।

ङ) विद्यालय सवारिसाधन आवतजावत गर्न सक्ने सडक बाटोको पहुँचमाहुनु पर्नेछ ।

च) हाल संचालित विद्यालयको हकमा विद्यालयले सामाजिक परिक्षण तथा लेखा परिक्षण वार्षिक रुपमा तोकिएको  समयमा सम्पन्न गरेको हुनु पर्नेछ ।

छ) संघीय सरकार र प्रदेश सरकारद्वारा नमुना विद्यालयको रुपमा छनौट तथा विकास भएका विद्यालयहरुलाई  यसमा समावेश गरिने छैन ।

## ४.२) विद्यालय छनौटका प्रक्रिया देहाय बमोजिम हुनेछनः

क) विद्यालय छनौट गर्नको लागि गाउँपालिकाबाट तपसीलका पदाधिकारी रहने गरी एक सम्भाव्यता अध्ययन  समिति गठन गरिनेछ ।

१- गाउँपालिकाको उपाध्यक्ष
संयोजक

२- प्रशासकीय अधिकृत
सदस्य

३) शिक्षा तथा सामाजिक  विकास संयोजक
सदस्य

४) सामुदयिक विद्यालयबाट स्नाकोत्तर  तह उत्तीर्ण  गरेको  शिक्षक (दुई जना)          सदस्य

५) स्थानिय समाजसेवी (एक जना)
सदस्य

६) शिक्षा अधिकृत
सदस्य सचिव

ख) यो कार्यविधिको स्वीकृत भएको मिति भन्दा अगाडि गठन भएको सम्भाव्यता अध्ययन समिति यसै कार्यविधि  अन्तर्गत गठन भएको मानिने छ ।

## ५) सम्भाव्यता अध्ययन समितिको काम, कर्तव्य तथा अधिकारहरु ।

क) सम्भाव्यता अध्ययन समितिले गाउँपालिकामा स्मार्ट विद्यालयको लागि विद्यालय छनौट वा नँया विद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन गर्नुपर्नेछ ।

ख) सम्भाव्यता अध्ययन समितिले आफ्नो कार्य बढीमा तीन महिना भित्र सम्पन्न गरि प्रतिवेदन तयार गर्नुपर्नेछ तर कुनै कारणवश समयमा कार्य सम्पन्न नभएको खण्डमा गाउँपालिकाले थप समय प्रदान गर्न सक्नेछ ।

ग) अध्ययन प्रतिवेदन गाउँपालिका अध्यक्ष समक्ष बुझाउनुपर्नेछ ।

## ६) गाउँपालिका अध्यक्षले सम्भाव्यता अध्ययन समितिले दिएको प्रतिवेदन गाउँपालिका शिक्षा समितिमा अध्ययनको लागि पेश गर्नु पर्नेछ ।

**७) गाउँपालिका शिक्षा समितिले प्रतिवेदन अध्ययन गरि आफ्नो सिफारिस सहित गाउँपालिका अध्यक्ष समक्ष बुझाउने छ । सो प्रतिवेदन अध्यक्षले कार्यपालीका बैठकमा पेश गरी निर्णय गरी स्मार्ट विद्यालय संचालन गर्ने गराउने छ । उक्त निर्णय आउने गाउँसभाको पहिलो बैठकबाट अनुमोदन गराउनुपर्नेछ ।**

## परिच्छेद -३
## स्मार्ट विद्यालय व्यवस्थापन

## ८) विद्यालयमा शैक्षिक कार्य गुणस्तरीय तरिकाले संचालन गर्नको लागि देहाय बमोजिमका पूर्वाधारहरु हुनेछन् ।

क) विद्यालय संचालन तथा व्यवस्थापन गर्नको लागि एउटा मुख्य प्रशासकीय भवन हुनेछ, साथै यसै भवनमा प्राथमिक तह सम्मको कक्षा संचालन गर्नको लागि सुविधा सम्पन्न कक्षा कोठा निर्माण गरिनेछ ।

ख) प्राथमिक तह भन्दा माथिका कक्षा संचालन गर्नको लागि छात्र छात्राको पृथक पृथक भवन हुनेछ ।

ग) नेपाली र अंग्रेजी माध्यमबाट कक्षा संचालन गर्नको लागि सम्भव भए सम्म पृथक भवन हुनेछ। त्यस्तो व्यवस्था नभए सम्मका लागि छुट्टा- छुट्टै तल्लामा कक्षा संचालन गरिनेछ ।

घ) विद्यालयका सबै कोठाहरु आधुनिक पद्धति अनुसार पढाई गर्न सकिने गरि निर्माण गरिनेछ ।

ङ) विद्यालयमा एउटा पुस्तकालय निर्माण गरिनेछ ।

च) विद्यार्थीहरुको खेलकुद सम्बन्धि सिप विकास गर्नको लागि एउटा Indoor तथा Outdoor खेलमैदान निर्माण गरिनेछ ।

छ) विद्यार्थीहरुको लागि कम्प्युटर, भौतिक विज्ञान, रासायनिक विज्ञान, जीव विज्ञान आदिको प्रयोगात्मक ज्ञान सिप विकासका लागि एउटा व्यवस्थित आधुनिक प्रोगशाला निर्माण गरिनेछ ।

ज) विद्यालयको उद्देश्य अनुसार आधारभुत तहको शिक्षा पच्श्रात प्राविधिक ज्ञान सिप विकास गरी व्यवहारिक तथा व्यवसायिक शिक्षा प्रदान गर्नको लागि विभिन्न विषयसँग सम्बन्धित तालिम प्रदान गर्नकोलागि तालिम केन्द्र स्थापना गरिनेछ ।

झ) शिक्षक तथा विद्यार्थीहरुको स्वास्थ्य उपचारको लागि प्राथमिक स्वास्थ्य उपचार केन्द्रको स्थापना गरिनेछ ।

ञ) विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापमा संलग्न गराउनको लागि योगशाला, व्यायामशाला, स्विमिंग पुल जस्ता क्रियाकलाप सञ्चालन गर्न सकिनेगरि अन्य भौतिक पूर्वाधारको व्यवस्था गरिनेछ ।

ट) विद्यार्थीहरुलाई आवासीय सुविधा होस् भन्ने उद्देश्यका लागि बालबालिकाको आफ्नो आफ्नो कम्पाउण्ड भित्र आवासिय भवनको व्यवस्था गरिनेछ ।

ठ) शिक्षक तथा विद्यार्थीहरुको लागि स्वच्छ, सफा खाना खाजा उपलब्ध गराउनको लागि विद्यालयको कम्पाउण्ड भित्र चमेना ग्रिह (cafeteria) निर्माण गरिनेछ ।

## ९) विद्यालयमा शैक्षिक स्तर गुणस्तरीय तथा व्यवस्थित गर्नको लागि देहाय बमोजिमका कुरालाई ध्यानमा राखि शिक्षक पदपूर्ति/व्यवस्थापन वा दरबन्दि मिलान गरिनेछ ।

क) विद्यालयमा शिक्षक पदपूर्ति गर्दा शिक्षा सेवा आयोगबाट छनौट भई आएका शिक्षक मध्ये नेपाली तथा अंग्रेजी माध्यमबाट कक्षा संचालन गर्न सक्ने शिक्षक मध्येबाट विद्यालयमा शिक्षक व्यवस्थापन/दरबन्दि मिलान गरिनेछ ।

ख) विद्यालयमा शिक्षक व्यवस्थापनको लागि यसै कार्यविधि अनुसार गाउँपालिकाको कुनै पनि सामुदयिक विद्यालयबाट दरबन्दी सहित शिक्षकको सरुवा गरि ल्याउने वा कामकाजमा खटाउने तथा यस विद्यालयबाट अन्य विद्यालयमा शिक्षक सरुवा गर्ने वा कामकाजमा खटाउने कार्य स्मार्ट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिको निर्णयनुसार गर्न सकिनेछ ।

ग) विद्यालयका सबै शिक्षकहरु आ-आफ्नो विषय बाहेक आधुनिक प्रविधिमा दक्ष तथा नेपाली, अंग्रेजी वा दुवै माध्यमबाट पढाउन सक्ने हुनुपर्नेछ।

घ) शिक्षकको शैक्षिक योग्यता, छनौट/नियुक्ति प्रक्रिया, काम कर्तव्य र अधिकार प्रचालित ऐन नियम अनुसार हुनेछ तर यसका अतिरिक्त

प्रचलित ऐन नियमको प्रतिकुल नहुने गरि गाउँपालिका तथा विद्यालय व्यवस्थापन समितिले थप आधारहरु तय गरि व्यवस्थापन गर्न सक्नेछ ।

ङ) विद्यालयमा बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीहरुको अध्ययन, रेखदेख, समस्या समाधान वा अन्य  कुनै क्रियाकलापमा सम्मिलित गराउनका निम्ति शिक्षकहरु मध्येबाट एउटा संयोजक रहनेछन् ।

च) विद्यालयमा कक्षा ६ देखि कक्षा १२ सम्मका छात्र- छात्राहरुको अध्ययन, रेखदेख, समस्या समाधान वा अन्य  कुनै  क्रियाकलापमा सम्मिलित गराउन निम्ति शिक्षकहरु मध्येबाट तहगत रुपमा अलग अलग संयोजक रहनेछन् जसमा छात्रा तर्फको संयोजक महिला शिक्षक रहनेछन् ।

छ) प्रत्येक शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुको विद्यालय पोशाक हुनेछ जसलाई सबैले विद्यालयमा प्रवेश गर्दा अनिवार्य रुपमा लगाएको हुनु पर्नेछ ।

ज) विद्यालयमा आफ्नो काम प्रति उत्तरदायित्व निर्वाह नगर्ने शिक्षक वा कर्मचारीलाई विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापकले नियमानुसार कार्वाहि गर्ने, थप कार्वाहि आवश्यक देखिएमा गाउँ शिक्षा समितिमा सिफारिस गर्ने र सो को आधारमा गाउँ शिक्षा समितिले स्थायी शिक्षक वा कर्मचारीलाई विभागीय कारवाहीको लागि प्रक्रिया अगाडी बढाउन र अस्थायी /करार शिक्षक वा कर्मचारीलाई पदबाट हटाउन गाउँ कार्यपालिकामा सिफारिस गर्ने र  सोहि अनुसार गाउँ कार्यपालिकाले निर्णय गर्नेछ ।

झ) विद्यालयमा कोहि कसैले राजनितिक गतिविधि गर्न पाईनेछैन र कोहि कसैलाई अपमानित गर्ने खालका व्यवहार/गतिविधि गर्न पाईनेछैन ।

## १०) विद्यालय व्यवस्थापन समितिः

क) शिक्षा क्षेत्रमा स्मार्ट विद्यालय गाउँपालिकाको एउटा गौरवको योजना रहेकोले विद्यालयको रेखदेख,  नियमानुसार संचालन तथा व्यवस्थापन लागि दफा (२४) अनुसार एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

ख) विद्यालय व्यवस्थापन समितिको कर्तव्य र अधिकार प्रचालित नियमानुसार साथै दफा (१८) अनुसार हुनेछ ।

## ११) प्रधानाध्यापक व्यवस्थापनः

क) विद्यालयमा शिक्षक तथा प्रशासकीय गतिविधिहरु संचालन गर्नको लागि एक प्रधानाध्यापक नियुक्ति गर्नुपर्नेछ ।

ख) प्रधानाध्यापकको नियुक्तिको प्रक्रिया प्रचलित नियमानुसार हुनेछ ।

ग) प्रधानाध्यापकका काम कर्तव्य र अधिकार प्रचालित नियमानुसारको साथै दफा (१९) तथा विद्यालय व्यवस्थापन समिति निर्णयानुसार हुनेछ ।

घ) विद्यालय व्यवस्थापन समितिको बहुमतको निर्णयानुसार प्रधानाध्यापकलाई पदबाट कुनैपनि बखत हटाउन  सकिनेछ । तर पदबाट हटाउनु भन्दा पहिले सफाई गर्ने मौकबाट बन्चित गर्न पाइने छैन ।

## १२) शिक्षक व्यवस्थापनः

क) विद्यालयमा शैक्षिक तथा शैक्षिणिक क्रियाकलापहरु संचालन गर्न विद्यार्थी अनुपात तथा विषयगत रुपमा शिक्षक दरबन्दि वा शिक्षक कोटाको व्यवस्था गाउँपालिकावाट गरिनेछ । तर विद्यालयले निजी स्रोतमा थप शिक्षक भर्ना गर्न वाधा पर्ने छैन ।

ख) शिक्षकको शैक्षिक योग्यता, छनौट/नियुक्ति  प्रक्रिया दफा ९ (घ) अनुसार हुनेछ ।

ग) शिक्षकको काम कर्तव्य र अधिकार प्रचालित ऐन नियमानुसार हुनुका साथसाथै दफा (२१) तथा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार हुनेछ ।

## १३) संयोजक व्यवस्थापनः

क) विद्यालयमा प्राथमिक कक्षा (१-५) तथा कक्षा  ६ देखि कक्षा १२ सम्मको नेपाली र अंग्रेजी माध्यमबाट कक्षा तथा बालबालिकाको कक्षाका लागि पृथक पृथक भवन समुहको तहगत रुपमा संयोजक रहनेछन्।

ख) संयोजकले आफ्नो आफ्नो तहको शैक्षिक गुणस्तर, अनुशासन, संचालन तथा व्यवस्थापनको पूर्ण जिम्मेवारी  निर्वाह गर्नुपर्नेछ ।

ग) संयोजकले दफा (२०) अनुसार को काम कर्तव्य र जिम्मेवारी पालना गर्नुको साथसाथै व्यवस्थापन समिति तथा प्रधानाध्यापकवाट प्राप्त थप जिम्मेवारीहरु निर्वाह गर्नुपर्नेछ ।

# परिच्छेद -४

# स्मार्ट विद्यालयको गुणस्तर, अनुशासन तथा सुरक्षा

## १४) विद्यालयको गुणस्तर कायम गर्नको लागि देहाय बमोजिम कार्य गरिनेछ ।

क) विद्यालय संचालन गर्नको लागि प्राथमिक तहमा ४० (चालिस) विद्यार्थी बराबर एक शिक्षकको अनुपात तथा निम्न माध्यमिक र माध्यमिक तहमा विषयगत रुपमा शिक्षक दरबन्दि वा शिक्षक कोटाको व्यवस्था गाउँपालिकाले गर्नेछ।

ख) प्रत्येक कक्षामा ४० (चालिस) भन्दा बढी विद्यार्थी भर्ना गरिने छैन।

ग) प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति बीच कार्यसम्पादन करार सम्झौता गरिनेछ ।

घ) प्रधानाध्यापक र संयोजक, संयोजक र शिक्षक तथा अभिभावक बिच कार्यसम्पादन करार सम्झौता गरिनेछ ।

ङ) प्रत्येक शिक्षकले विद्यालयमा ९०% अनिवार्य उपस्थितहुनु पर्नेछ ।

च) प्रत्येक विद्यार्थीले कम्तिमा आफ्नो कक्षामा ८०% अनिवार्य उपस्थित हुनु पर्नेछ ।

छ) विद्यार्थीहरुको स्कुल झोलाको भार न्युनीकरण गर्नको लागि विद्यालयले झोला नीति निर्माण गरि लागु गर्नेछ ।

**१५) विद्यालयमा अनुशासन कायम गर्नको लागि देहाय बमोजिम कार्य गरिनेछ ।**

क) विद्यालयमा प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, संयोजक, शिक्षक, कर्मचारी, विद्यार्थी तोकिएको समयमा आउनु पर्नेछ ।

ख) आकस्मिक बिरामि विदा बाहेक कुनै शिक्षक, कर्मचारी तथा विद्यार्थीलाई विद्यालयमा अनुपस्थितहुनु परेमा एक दिन अगावै बिदा स्विकृत गराउनु पर्नेछ ।

ग) विद्यालय समयमा कुनै पनि शिक्षक र विद्यार्थीले मोबाइल साथमा राख्न पाउने छैन ।

घ) विद्यालयमा प्रवेश गर्दा शिक्षक, कर्मचारी तथा विद्यार्थीले अनिवार्य रुपमा विद्यालयले निर्धारण गरेको पोशाकमा लगाउनु पर्नेछ ।

ङ) विद्यार्थी विद्यालयमा प्रवेश गर्न साथ उसको अभिभावकलाई विद्युतिय माध्यमवाट प्रवेशको जानकारी दिने व्यवस्था गरिनेछ ।

च) विद्यालय परिसर भित्र कुनै पनि व्यक्तिले धुम्रपान, मदिरापान तगाएतका कुनै पनि लागुपदार्थ सेवन गरि प्रवेश गर्न पाउने छैन ।

**१६) विद्याथी भर्नाः विद्यालयको गुणस्तरलाई मध्यनजर गरी देहाय बमोजिम देहायका कक्षामा मात्र नयाँ विद्यार्थी भर्ना लिने व्यवस्था गरिनेछ ।**

क) बालविकास तथा नर्सरी कक्षामा सामान्य अन्तरवार्ताको माध्यमबाट भर्ना लिईनेछ ।

ख) कक्षा -६ मा प्रवेश परीक्षाको माध्यमबाट भर्ना लिईनेछ ।

**१७) सहयोग शुल्कको व्यवस्थाः**

विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार देहाय बमोजिमका गतिविधिहरु संचालन गर्नको लागि सहयोग शुल्क निर्धारण गरि अभिभावकहरुबाट लिनसक्नेछ ।

क) विद्यार्थीहरुले अंग्रेजी माध्यमबाट अध्ययन गर्न ।

ख) विद्यार्थीहरु आवासीय सुविधा प्राप्त गर्न ।

ग) विद्यार्थीहरुले यातायात सुविधा प्रयोग गर्न ।

घ) विद्यार्थीहरु दिवाखाजा बाहेक थप खाजा सुविधा लिन।

ङ) विद्यार्थीहरु अतिरिक्त क्रियाकलापमा सहभागी हुन।

च) विद्यार्थीहरु विभिन्न प्रयोगशाला प्रयोग गर्दा।

छ) विद्यालय सरसफई, सुरक्षा तथा अन्य।

# परिच्छेद -५
# काम कर्तव्य र अधिकार

## १८- विद्यालय व्यवस्थापन समितिः

क) विद्यालयको शैक्षिक, भौतिक तथा प्रशासनिक गुणस्तर वृद्धि तर्फ दत्तचित हुनुपर्ने।

ख) शिक्षकहरुलाई आवश्यक सहयोग, सल्लाह, सुझाव एंव निर्देशन दिनुपर्ने।

ग) शिक्षक, विद्यार्थी एंव अभिभावक बीचको दौत्य सम्बन्ध स्थापित गर्न मध्यस्थता निर्वाह गर्नुपर्ने ।

घ) विद्यालय व्यवस्थापन समितिको हरेक बैठकमा सदस्यको अनिवार्य उपस्थित हुनुपर्ने।

ङ) विद्यालयको आर्थिक कारोबारको सम्बन्धमा तोकिएको समयमा लेखा परिक्षण तथा सामाजिक परिक्षण गराई सम्बन्धित निकायमा प्रतिवेदन पेश गराउनु पर्नेछ ।

च) विद्यालयलाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि दण्ड र पुरस्कारको न्यायोचित व्यवस्था गर्नुपर्ने ।

छ) विभिन्न संघ संस्था तथा दातृ निकाय संग प्रचलित नियमानुसार समन्वय तथा सहकार्य गरि विद्यालयको शैक्षिक विकास गर्नुपर्नेछ ।

ज) विद्यालयको वार्षिक कार्ययोजना निर्माण गरि कार्यान्वयन गर्नुपर्नेछ र सोको लागि आवश्यक स्रोत साधनको प्रबन्ध गर्नु पर्नेछ।

झ) नियमित रुपमा विद्यालयको समग्र पक्षहरु अनुगमन सुपरिवेक्षण गर्ने गराउने र आवश्यकतानुसार सुधारका उपायहरु अवलम्बन गर्ने ।

## १९-  प्रधानाध्यापकः

क)  विद्यालयको सम्पूर्ण शैक्षिक तथा प्रशासनिक व्यवस्थापकिय कार्य गर्ने ।

ख)  विद्यालय व्यवस्थापन समितिसँग समन्वय र सल्लाह  गरी काम गर्न ।

ग)  विद्यालयमा अध्ययनरत कक्षा २ (दुई) भन्दा माथिका प्रत्येक विद्यार्थीहरुलाई प्रत्येक दिन गृह कार्य दिने  व्यवस्था मिलाउने ।

घ)  प्रत्येक महिनामा मासिक परिक्षा गराउने व्यवस्था गर्ने ।

ङ)  प्रत्येक विद्यार्थीको मासिक रिपेर्ट उसको अभिभावकलाई उपलब्ध गराउने व्यवस्था मिलाउने  ।

च)  प्रत्येक ६(छ) माहिनामा एक पटक अनिवार्य रुपले अभिभावकहरुको बैठक बसि शैक्षिक गतिविधिहरुको वारेमा छलफल तथा आपशि समझदारि मिलाउने व्यवस्था गर्ने।

छ)  तोकिएअनुसार परिक्षाहरु संचालन, व्यवस्थापन तथा परिक्षाफल प्रकाशनको व्यवस्था गर्ने ।

ज)  विद्यालयमा विद्युतिय हाजिरको प्रबन्ध गर्ने ।

## २० - संयोजकः

क)  विद्यालयमा तोकिएको समयमा नै आफु उपस्थित हुने तथा आफ्नो मातहतमा सबै शिक्षक र कर्मचारीलाई उपस्थितिको हुन लगाउने ।

ख)  आफ्नो मातहतका शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुलाई अनुशासनमा राखी विद्यालयका शैक्षिक गतिविधिहरु संचालन गर्ने ।

ग)  लगातार २ (दुई) दिन विद्यार्थी विद्यालय नआएको खण्डमा अभिभावकलाई विद्यालयमा बोलाई जानकारी लिने ।

घ)  शैक्षिक तथा शैक्षणिक सामाग्रिहरुको व्यवस्थापन मा शिक्षक र प्र. अ. सँग समन्वय तथा सहजिकरण गर्ने ।

## २१ -  शिक्षकः

क)  विद्यालयको निर्धारित समय भन्दा १० मिनेट अगाडी आएर हाजिर गर्नु पर्ने र विदा वस्नु परेमा एक दिन अगाडि विदाको स्वीकृति गराई मात्र अनुपस्थित हुनुपर्ने।

ख)  प्रत्येक कक्षा अवधिमा शिक्षकहरु कक्षाकोठामा अध्यापन कार्यमा अनिवार्य रुपमा संलग्न हुनुपर्ने  ।

ग)  कक्षाकार्य तथा गृहकार्य (दुई कक्षा भन्दा माथिका) विद्यार्थीहरु अनिवार्य रुपमा दिने ।

घ) गुणस्तरीय शिक्षाका लागि आवश्यक शैक्षिक सामग्री तयार गरी शिक्षण गर्ने र सामाग्रि खरिद गर्नु परेमा संयोजक सँग समन्वय गर्ने।

ङ) विद्यालयमा शिक्षण सम्बन्धि बाहेक अन्य कार्य गर्नु हुँदैन।

च) विद्यालयमा प्रत्येक शिक्षक कर्मचारिको वार्षिक ९०% अनिवार्य उपस्थिति हुनुपर्ने ।

छ) विद्यालयमा शैक्षिक तथा शैक्षणिक गतिविधिको माध्यमद्वारा राष्ट्रिय भावना जागृत गरी समाज र देशमा भावनात्मक एकता ल्याउने र सामाजिक तथा धार्मिक सहिष्णुता कायम गर्नुपर्नेछ ।

ज) आज्ञाकारी, अनुशासन, सद्भाव वा सहयोग, सदाचार, सहानुभुति, धैर्यता र संयमतालाई प्रोत्साहनु दिनुपर्ने ।

झ) कुनै पनि भाषा, सम्प्रदाय तथा धर्म विरोधी भावना शिक्षक तथा विद्यार्थी वर्ग मा फैलाउन नहुने ।

## २२- अभिभावकः

क) विद्यालयमा विद्यार्थीलाई सफासुग्घर पोशाकमा पठाउने ।

ख) विद्यार्थीलाई आवश्यक शैक्षिक सामग्री कक्षा शिक्षक सल्लाह अनुसार समयमा अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

ग) अभिभावक भेलामा अथवा स्कुलले बोलाएको बेला अनिवार्य उपस्थित हुनुपर्ने ।

घ) नियमित रुपमा विद्यार्थी एंव विद्यालयको रेखदेख गर्नुपर्ने ।

ङ) नियमित रुपमा विद्यार्थीको शैक्षक प्रगति विवरण लिने र कक्षा शिक्षकको सल्लाहअनुसार विद्यार्थिको शैक्षिक उपलब्धिस्तर सुधारका लागि आवश्यक कार्य गर्ने।

## २३- विद्यार्थीः

क) विद्यार्थी विद्यालयमा आउँदा सफासुग्घर भई विद्यालय पोशाकमा निर्धारित समय भित्र विद्यालय आउने र निर्धारित समय पश्चात मात्र विद्यालयवाट जाने कार्य गर्ने।

ख) प्रत्येक विद्यार्थी आफ्नो कक्षामा कम्तिमा ८०% उपस्थित हुने ।

ग) विद्यार्थी अनुशासनमा रही विद्यालय र कक्षा शिक्षकको निर्देशन पालन गर्ने र अनुशासित विद्यार्थीको आचरण प्रदर्शित गर्ने।

घ) शिक्षकले दिएको गृहकार्य अनिवार्य रुपमा पुरा गरेर विद्यालयमा आउनु पर्नेछ ।

ङ) अतिरिक्त क्रियाकलाप तथा सहायक क्रियाकलापमा सक्भर अनिवार्य रुपमा सहभागी हुने ।

च) विद्यालयलाई सफा र शान्त राख्न आफ्नो कर्तव्यको पालना गर्ने।

## परिच्छेद -६
## विद्यालय व्यवस्थापन समिति

**२४- विद्यालय संचालन, व्यवस्थापन, अनुगमन, निर्देशन तथा आवश्यक कारवाही गर्नको लागि देहाय बमोजिम एउटा व्यवस्थापन समिति गठन गरिनेछ ।**

क) गाउँपालिका अध्यक्ष
अध्यक्ष

ख) गाउँपालिकाले अभिभावकहरु मध्येबाट छनौट गरेका दुई मिहला सहित ५ जना सदस्य

ग) शिक्षा विज्ञहरुबाट गाउँपालिकले छनौट गरी एक जना
सदस्य

घ) विद्यालय अवस्थित वार्ड अध्यक्ष
सदस्य

ङ) विद्यालय प्रधानाध्यापक
सदस्य सचिव

## परिच्छेद -७
## विवध

**२५- संशोधनः** यस कार्यविधिमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

२६ **- बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा भएका गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

२७ **खारेजी र बचाउः** यस कार्यविधिमा प्रष्ट नभएमा तथा उल्लेखित कुरा संघीय, प्रदेश तथा स्थानीय कानुन बमोजिमहुने र नेपालको संविधान, संघीय तथा प्रदेश कानुनसँग कार्यविधिको कुनै कुराबाझिन गएमा बाझिएको हदसम्म बदर हुनेछ ।

आज्ञाले,

नाम: तेज बहादुर सिंह

प्रमुख प्रशासकीय अधिकृत